**आप्रवासी कामदारको अधिकार संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन सम्बन्धमा**
**आयोजित**
**पत्रकार सम्मेलनमा माननीय सदस्य सुदिप पाठकले दिनुभएको मन्तव्य**
**मिति : २०७६/७/२१**

राष्ट्रिय मानव अधिकार आयोगले आगामी नोभेम्बर १२-१४, २०१९ (कार्तिक २६-२८, २०७६) मा काठमाडौंमा International Conference on Protection of Rights of the Migrant Workers (आप्रवासी कामदारहरुको मानव अधिकार संरक्षण) विषयक अन्तर्राष्ट्रिय सम्मेलन गर्न गैरहेको छ ।

उक्त सम्मेलनमा राष्ट्रिय मानव अधिकार संस्थाहरुको विश्वव्यापी सञ्जाल (Global Alliance of National Human Rights Institutions, GANHRI) का प्रमुख, Dr. Carlos Alfonso Negret Mosquera, Chairperson- National Commission of Human Rights, Ms. Kagwiria Mbogori (Kenya), Chairperson- Human Rights Commission of Malaysia, Honorable Tan Sri Othman Bin Hashim (Malaysiya), President- Human Rights Commission of the Maldives, Honorable Aminath Eenas (Maldivs), Chief Commissioner-National Human Rights Commission of Mongolia, Honorable Byambadorj Jamsran Tom Olkhonuud (Mongolia), Chairperson-South Africa Human Rights Commission, Honorable Bongani Christopher Majola (South Africa), Vice Chairperson- National Human Rights Committee, Honorable Mohammed Saif A A al-Kuwari (Qatar), तथा बंगलादेश, भारत, थाइल्याण्ड लगायतका देशका राष्ट्रिय मानव अधिकार संस्थाका आयुक्तहरु, सरकारी निकाय, गैरसरकारी निकाय, नागरिक समाज लगायत ६२ जना अन्तर्राष्ट्रिय प्रतिनिधिहरुको सहभागिता रहने छ । सम्मेलनमा साउदी अरब, कुवेत, बहराईन लगायतका खाडी मुलुकहरुबाट समेत सहभागिता रहने सुनिश्चित् भएको छ । त्यसैगरी श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय, परराष्ट्र मन्त्रालय लगायत विभिन्न सरकारी निकाय, वैदेशिक रोजगार व्यवसायी सघ, आप्रवासी कामदारको मानव अधिकार संरक्षणमा क्रियाशील गैरसरकारी संस्था, नागरिक समाज तथा विज्ञहरु सहित ४५ जना राष्ट्रिय प्रतिनिधिहरुको सहभागिता रहने छ । साढे दुई दिन सम्म चल्ने उक्त सम्मेलनको समुद्घाटन सम्माननीय उपराष्ट्रपति नन्द बहादुर पुन (पासाङ्ग) ज्यु बाट गरिने कार्यक्रम रहेको छ । नेपाल सरकारको आर्थिक सहयोग र सहकार्यमा सम्पन्न हुने उक्त सम्मेलनमा अन्तर्राष्ट्रिय श्रम संगठन (आइ.एल.ओ.), अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आइ.ओ.एम. ), संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यु.एन.डी.पी.) बाट विज्ञ सहयोग र सम्मेलन सफलतापूर्वक सम्पन्न गर्नका लागि नियमित रुपमा सल्लाह सुझाव समेत प्राप्त भएको छ । नेपाल सरकार परराष्ट्र मन्त्रालय, विदेश स्थित कुटनीतीक नियोग, श्रम रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयबाट निरन्तर सहयोग र समन्वय समेत प्राप्त भएको छ ।

सम्मेलनमा छलफल हुने विषयहरुः Conference Theme

1. Migration Governance and the Rights of Migrant Workers
2. Promoting Practice of Fair and Responsible Recruitment
3. Issues on Irregular Migration
4. Ensuring Access to Justice for Migrant Workers
5. Inter-NHRIs Cooperation in Protection and Promotion of Rights of the Migrant Workers

साथै, सम्मेलनबाट आप्रवासी कामदारहरुको मानव अधिकार संरक्षणमा दक्षिण एशिया तथा एशिया प्रशान्त क्षेत्रका उत्पत्ति मुलुक, बाटोमा पर्ने मुलुकहरु र गन्तव्य मुलुकहरुमा देखिएका चुनौतिहरु, स्वच्छ र जिम्मेवार भर्ना प्रक्रिया, अनियमित आप्रवासनलाई सम्बोधन गर्ने साझा सवाल, न्यायमा पहुँचको सुनिश्चितताका सम्भावना सम्बन्धमा कार्य योजना तयार गरी आगामि दिनमा सामुहिक प्रयास मार्फत आगाडि बढ्ने अपेक्षा गरिएको छ । उक्त सम्मेलन सफलतापूर्वक सम्पन्न गर्नका लागि सञ्चारकर्मीहरुको साथ र सहयोगको लागि आयोग आग्रह गर्दछ ।

**धन्यवाद !**